अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३ संख्याः३मितिः२१/०४/२०७६

भाग-२

रघुगंगा गाउँपालिका

# रघुगंगा छोरी पेवा वचत कोष सञ्चालन कार्यविधि, २०७६

# रघुगंगा छोरी पेवा वचत कोष सञ्चालन कार्यविधि, २०७६

## प्रस्तावनाः

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यसगाउँपालिकामा सदिऔदेखि चल्दै आएको पितृसत्ताको कारण सामाजिक रुपमा पछि पारिएका, अर्थ एवं सम्पत्तीको निर्णायक पहुँचबाट टाढा रहेका र निजहरुलाई हेर्ने सामाजिक एवं पारिवारीक दृष्टिकोण समेत सकारात्मक नपाईएकोले यसमा सकारात्मक सामाजिक परिवर्तन ल्याउने उद्देश्यले यस गाउँपालिकामा बसोबास गर्ने नागरिकबाट जन्म लिने सबै वालिकाहरुको नाममा एक/एक सुरक्षा कोष स्थापनार सञ्चालन गर्न उपयुक्त हुनुका साथै वाल विवाहलाई निरुत्साहित गर्न समेत यो छोरी पेवा बचत कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ कार्यविधि तयार गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम “रघुगंगाछोरीपेवाबचत कार्यक्रमसञ्चालनकार्यविधि, २०७६”रहेकोछ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाको बैठकवाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) “अनुगमनसमिति”भन्नालेगाउँपालिकालेगठनगर्ने दफा५बमाजिमकोसमितिसम्झनुपर्छ।

(ख) “सिफारिस”भन्नालेजननिर्वाचितसम्बन्धितवडाकोवडाअध्यक्षलेहस्ताक्षरगरेकोसिफारिसपत्रसम्झनुपर्छ।

(ग) “गाउँपालिका”भन्नालेरघुगंगा गाउँपालिका सम्झनुपर्छ ।

(घ)“सहकारीसंस्था”भन्नालेयसगाउँपालिकाकोक्षेत्रभित्रकार्यालयरहेकाविधिवतदर्ताभएकासहकारीसंस्था सम्झनुपर्छ।

(ङ) “बालिका”भन्नालेसम्वत२०७६ श्रावण २१ पछिजन्म लिएको १० बर्ष उमेर नपुगेको, निजको बाबु आमा यसै गाउँपालिकाको स्थायी बासिन्दा भएको छोरी सम्झनु पर्छ ।

## परिच्छेद २
## रकम व्यवस्थापन र भुक्तानी

२. रकम व्यवस्थापनः

गाउँपलिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने बार्षिक खर्च रकम अनुमान गरी वार्षिक रुपमा विनियोजन गरी रकमको ब्यवस्थापन गर्ने छ । यथासम्भव चाँडो छुट्टै कोषको व्यवस्थापन गरिनेछ ।

तर,

वार्षिक रुपमा अनुमान गरी विनियोजन गरिएको रकम वर्ष समाप्ती नहुदै भुक्तानी गर्दा रकम नपुग भएमा अन्य शिर्षकमा विनियोजन भएको बचत हुने रकमबाट यो शिर्षकमा रकमान्तर गर्न गाउँकार्यपालिकालाई वाधा पर्ने छैन् ।

३.भुक्तानी प्रकृयाः

यस गाउँपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिकबाट सम्वत् २०७५ श्रावण महिना पछि जायजन्म भएका बालिकाहरुले मात्र खर्च गर्न पाउने गरी निम्नानुसार गाउँपालिकाबाट रकम निकासा एवं भुक्तानी दिईने छ।

(क) यस गाउँपालिकामा स्थायी वासिन्दा भएका नेपाली नागरिकबाट जायजन्म भएका बालिकाका बाबु वा आमाले निजको जन्म दर्ता प्रमाण पत्र, आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस पत्र संलग्न राखि गाउँपालिकाको कार्यालयमा निवेदन दिनेछन् । निज वालिकाको  अनिवार्य रुपमा संस्थागत सुत्केरी हुनुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिम प्राप्त निवेदनहरु बमोजिम गाउँ कार्यपालिकाको सिफारिस र संरक्षकत्वमा तोकिएको सहकारी संस्थामा बालिकाको नाममा नाबालिका बचत खाता खोलिने छ । गाउँपालिकाको सिफारिसमा तोकिने सहकारी संस्थाले अनिवार्य रुपमा नियमानुसार वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ग)उपदफा (ख) बमोजिम खोलिएको नाबालिका बचत खातामा गाउँपालिकाले रघुगंगा छोरी पेवा बचत कोषमा विनियोजन गरेको रकमबाट मासिक रुपमा बालिका १० (दश) बर्षकी नहुँदासम्म एक अभिभावकको बढीमा दुई बालिकाको खातामा रु. १००।– (अक्षेरुपीएक सय रुपैयाँ मात्र) का दरले रकम जम्मा गरिदिने छ। साथै अभिभावकले समेत अनिवार्य रुपमा कम्तिमा रु१०० अक्षेरुपी एक सय रुपैंया का दरले उक्त खातामा अनिवार्य रुपमा  जम्मा गर्नुपर्नेछ ।

(घ) बालिका १० वर्षकी भएपछि बालिग नभएसम्म निजका बाबु आमाले आफ्नो आम्दानीको कम्तिमा ५% (पाँच प्रतिशत) रकम निजको खातामा जम्मा गरिदिई बचत प्रकृयालाई निरन्तरता दिनेछन् ।

(ङ)बालिका बालिग (निजको उमेर १८ वर्ष) भए पछि बचत भएको रकम निजको निजी निर्णयबाट खर्च वा थप गर्न स्वतन्त्र हुनेछिन् र निजले २० बर्ष नहुँदा सम्मविवाह गर्न पाउने छैनिन् ।

तर,

बालिका बालिग नहुदै निजको पारिवारीक आर्थिक समस्याका कारण निजको पढाई एवं व्यक्तीत्व विकासमा बाधा परेको र सो रकम खर्च गर्दा मात्र समस्याहल हुने अवस्था आएमा गाउँ कार्यपालिकाको अनुमति लिएर बचत रकम खर्च गर्न बाधा पर्ने छैन ।

(च) यदि कुनै वालिकाले २० वर्ष नपुग्दै विवाह गरेमा निजको वचत खातामा जम्मा भएको रकम वडा कार्यालयको सिफारिस पत्रका आधारमा गाउँ कार्यपालिकाले निजलाई उक्त रकम नदिने निर्णय गर्न सक्नेछ ।

## परिच्छेद ३

## समितिहरुको गठन

४.रकम उपलब्ध गराउने तथा अभिलेख राख्ने समितीः

दफा (४) वमोजिमको रघुगंगा पेवा वचत कोष अनुदान कार्यक्रमको कार्यान्वयन गराउन पहलकदमी लिन, रकमको व्यवस्थापन गर्न, रकम निकासा एवं भुक्तानी दिन र अभिलेख दुरुस्त राखि लेखापरिक्षण समेत गर्न गराउन देहाय वमोजिम समिति हुनेछ । यस समितिको वैठक कम्तीमा महिनाको एक पटक वस्नेछ ।

(क) गाउँपालिकाको अध्यक्ष– अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत– सदस्य

(ग)लेखा प्रमुख– सदस्य

५. अनुगमन समितिः

यस कार्यविधिमा उल्लेखित सबै प्रावधानहरु ठिक तरिकाले कार्यान्वयन भए नभएको रेखदेख गर्न, सम्वन्धित पक्षलाई सुझाव दिन र कार्यान्वयनमा सहयोग गर्न देहाय वमोजिमको अनुगमन समिति रहने छ । यस समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष– संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक– सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत– सदस्य

(घ) गाउँपालिकाको स्वास्थ्य संयोजक– सदस्य

(ङ) गाउँपालिकाको कानूनी सल्लाहकार– सदस्य

(च) गाउँपालिकाको महिला विकास शाखा प्रमुख– सदस्य सचिव

## परिच्छेद ४

## विविध

६. कारवाही हुनेः

यस कार्यविधि विपरित कार्य गर्ने गराउने कुनै पनि व्यक्ती समुह वा यसै कार्यविधि वमोजीम गठित समिती, समितीका पदाधिकारी वा सदस्यहरुलाई समेत प्रचलित कानून वमोजिम कारवाही हुनेछ। गलत प्रमाण पेश गरि रकम भुक्तानी लिएको प्रमाणीत भएमा उपलब्ध गराइएको रकम फिर्ता गरिनेछ साथै त्यस्ता गलत कार्य गर्ने व्यक्ती वा समुहलाई कालो सूचिमा राखी आगामी दिनमा त्यस्ताव्यक्तीलाई कुनै पनि सेवा उपलब्ध गराईने छैन।

७. बाधा अड्काउ फुकाउने अधिकारः

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत